## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ उपदफा (३) बमोजिम सार्वजनिक गरिएको विवरण
### आर्थिक वर्ष २०७९/८० को प्रथम त्रयमासिक विवरण

क. **निकायको स्वरुप र प्रकृति:** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त गरी संचालित "ख" वर्गको राष्ट्रियस्तरको विकास बैंक ।

ख. **निकायको काम, कर्तव्य र अधिकार:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:** हाल यस वित्तीय संस्थामा कार्यरत कर्मचारीको संख्या ८४७ रहेको छ । संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद यस संस्थाको वेबसाइट www.mahalaxmibank.com मा हेर्न सकिनेछ ।

घ. **निकायबाट प्रदान गरिने सेवा:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गको विकास बैंकले दिनसक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

ङ. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:** सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेवसाइट www.mahalaxmibank.com मा उपलब्ध छ ।

च. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको दस्तुर संस्थाको वेवसाइट www.mahalaxmibank.com मा उपलव्ध छ ।

छ. **निर्णय गर्ने प्रकृया र अधिकारी:** संस्थाको बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्नसक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा निजले अख्तियारी प्रदान गरेको अधिकारी निर्णयकर्ताको रुपमा रहेको छ भने नीतिगत निर्णयहरु संचालक समितिबाट हुने गरेको छ ।

ज. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:** ग्राहकको गुनासो तथा उजुरी सुन्नका लागि गुनासो सुनुवाई डेस्क स्थापना गरि सहायक प्रमुख कार्यकारी अधिकृत (ACEO) श्री जलजकुमार अधिकारीलाई गुनासो सुनुवाई अधिकारी तोकिएको छ ।

झ. **सम्पादन गरेको कामको विवरण:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गका विकास बैंकले गर्न सक्ने सम्पूर्ण वित्तीय कारोबारहरु सम्पादन भइरहेको छ ।

ञ. **सूचना अधिकारीको नाम र पद:** संस्थाको तर्फबाट आवश्यक सूचना प्रदान गर्न श्री ध्रुवराज तिवारी, नायब प्रमुख कार्यकारी अधिकृतलाई सूचना अधिकारी तोकिएको छ ।

ट. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु संस्थाले पालना गर्नुपर्ने हुन्छ भने वित्तीय कारोवारको लागी प्रमुख ऐन, नियम, विनियम र निर्देशिकाहरु देहाय बमोजिम रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. | बैंक तया वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | २. | नेपाल राष्ट्र बैंक ऐन, २०५८ |
| ३. | बैंक तया वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | ४. | कम्पनी ऐन, २०६३ |
| ५. | बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ | ६. | सम्पत्ति शुद्धिकरण (मनि लउन्डरिङ्ग) निबारण ऐन, २०६४ |
| ७. | धितोपत्र सम्बन्धी ऐन, २०६३ | ८. | सुरक्षित कारोबार ऐन, २०६३ |
| ९. | करार ऐन, २०५६ | १०. | विनिमय अधिकार पत्र ऐन, २०३४ |
| ११. | विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ | १२. | उपरोक्त ऐन बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु |
| १३. | नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु | | |

ठ. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण:** बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ साथै बैंकको वेबसाइट www.mahalaxmibank.com मा समेत त्यस्तो विवरण राखिएको छ ।

ड. **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**

नाम: श्री बोधराज देवकोटा (प्रमुख कार्यकारी अधिकृत)

ठेगाना: महालक्ष्मी विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५३६८७२३, फ्याक्स नं. ०१-४२६९३०८

## साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

क. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:** यस वित्तीय संस्थाले बैंकिङ्ग कारोबार गर्दै आएको छ, विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

ख. **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:** https://www.mahalaxmibank.com

ग. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:** यस संस्थाले २०७९ साल असोज मसान्तको वित्तीय विवरण मिति २०७९/०७/०७ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुका साथै बैंकको वेबसाइटमा समेत प्रकाशित गरेको छ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.